STUDY JAPAN
६ महिना tuition fees & Hostel
गरि रू.492960।- मात्रमा प्रोशेस गर्न सकिने
Intake: October/Jan
❖Free NAT/JLPT classes ❖Pay after visa
❖100% Part Time Job support ❖Full support in Japan
❖+12 & above can apply ❖Scholarship available
❖Translation & Documentation ❖NAT/JLPT not required
❖School & Location of your Choice
❖NAT/JLPT classes are running by language expert
Hurry up limited seat only
Interview: प्रत्यक्ष अन्तर्वार्ता गराइने ।
NADESHIKO Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware अगाडि)
977-61-522668, 533421,9805877868

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily
○वर्ष ५ ○अंक २५३ ○श्रेणी 'क' ○२०७१ असार ११ गते बुधबार ○ 25 June, 2014 ○पृष्ठ ४ ○मूल्य रू. ३/-

5th EPS TOPIK कोरियाको लागि
कोरियन भाषा
✓दक्ष तथा अनुभवी प्रशिक्षक ।
✓EPS-TOPIK परिक्षा सम्बन्धी निःशुल्क परामर्श ।
✓सस्तो तथा भरपर्दो HOSTEL को व्यवस्था ।
✓FREE books with cd
✓Regular class/ Mock test
✓शुभमा आउनेहरुलाई विशेष छुट ।
Hurry Up!!!
PLATFORM INT'L EDUCATION
Prithivi Chowk,Pokhara
Ph: 061-541104

उचित मुआव्जा नदिए कडा आन्दोलन गर्ने जग्गाधनीको चेतावनी

सभासदहरूद्वारा पहल गर्ने आश्वासन

✍गोल्डेन न्यूज संवाददाता
पोखरा १० असार ।

पोखरेलीहरुको बहुप्रतिष्ठित अन्तर्राष्ट्रिय स्तरको क्षेत्रीय विमानस्थल निर्माण प्रक्रियामा अधिग्रहण गरिएको जग्गाको उचित मुआव्जा नदिए कडा आन्दोलनमा उत्रिने जग्गाधनीहरुले चेतावनी दिएका छन् । अन्तर्राष्ट्रिय विमानस्थल जनसरोकार संघर्ष समिति पोखरा १४, १५ र १८ द्वारा मंगलबार पोखरामा आयोजित अन्तर्राक्रिया कार्यक्रममा बोल्ने जग्गा धनीहरुले प्रचलित दररेट अनुसार उचित मुआव्जा नदिए आफ्नो घरबासै सकिने भन्दै आन्दोलनको चेतावनी दिएका हुन् । कास्कीबाट प्रतिनिधित्व गर्ने विधानसभा सदस्यहरुलाई एकै मञ्चमा राखेर जग्गाधनीहरुले आफ्नो गुनासो पोख्दै सो चेतावनी दिएका हुन् । पोखरा उपमहानगरपालिका वडा नं. १४, १५ र १८ का स्थानीयबासीले थप अधिग्रहण गर्न लागिएको ६ सय २८ रोपनी जग्गाको मुआव्जा नपाएसम्म विमानस्थल कुनैपनि हालतमा वन्न नदिने अडानमा छन् ।

पोखरा अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल निर्माणमा मुआव्जा विवाद

उनीहरुले आफूलाई खरानी बनाएर कसैको लागि विमानस्थल वन्न दिदैनौ, कसैको छातीमा लात हान्न पाईदैन भनि आक्रोश व्यक्त गरे ।

हालै गठित अन्तर्राष्ट्रिय विमानस्थल निर्माण जनसरोकार संघर्ष समिति पोखराका सचिव एवं प्रवक्ता बोधराज कार्कीले प्रचलित दररेट अनुसार हाम्रो घरजग्गा तथा विभिन्न संरचनाको मुआव्जा नपाएसम्म विमानस्थल वन्न नदिने बताए । घरजग्गाको टुङ्गो नलागेसम्म विमानस्थल निर्माण प्रक्रिया अघि नबढाउने संघर्ष समितिले सरकार समक्ष आग्रह गरेको छ । 'हामी विकास विरोधी होइनौ, पोखरामा विमानस्थल वन्नुपर्छ'-बोधराज कार्कीले भने- 'सबै जग्गाधनीको माग सम्बोधन गरिनुपर्दछ । नभए एक इञ्च पनि थप जग्गा छोड्दैनौ ।' जनतालाई खाल्डोमा हालेर एयरपोर्ट बनाउनुको कुनै औचित्य नभएको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण जनसरोकार संघर्ष समिति पोखराका अध्यक्ष बलराम कुँवरको गुनासो थियो ।

पछिल्लो समय पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि गत जेठ ८ गते नेपाल नागरिक उड्डयन प्राधिकरण र चिनिया ठेकेदार कम्पनी चाइना सिएमसीबीच ऐतिहासिक सम्झौताले विमानस्थल सपना साकार हुने अपेक्षा गरिए पनि यस्तो भनाईले सहजै होला भन्न सकिने अवस्था छैन । उक्त सम्झौता अनुसार चीनको एक्जिम बैंकले सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने र तीन वर्षभित्र निर्माण सक्ने बताइएको थियो । कार्यक्रममा बोल्दै संसिवधानसभा सदस्यहरुले विमानस्थल निर्माणका लागि आवश्यक जग्गा जग्गा दाताले दिनुपर्ने र उचित मुआव्जाका लागि आफूहरुले पहल गर्ने बताए । संविधानतसभा सदस्य शारदा पौडेल, यज्ञबहादुर थापा, जीवन परियार, वृन्दा राना, सीता गिरी ओली लगायतले विमानस्थल निर्माण प्रक्रियामा अवरोध नगर्न र सरकारले समय अनुसार उचित मुआव्जा दिलाउन आफूहरुले पहल गर्ने आश्वासन दिएका थिए ।

बाग्लुङ: बसपार्क व्यवस्थित गर्न समिति

✍गोल्डेन न्यूज संवाददाता
पोखरा १० असार ।

पोखरा उपत्यका नगर विकास समितिको १३६औं बोर्ड बैठक मंगलबार सम्पन्न भयो । बैठकले पोखरा उपमहानगरपालिका वडा नं. २ मा रहेको बाग्लुङ बसपार्कको सम्बन्धमा एक उच्चस्तरीय छानविन समिति गठन गरेको छ । वि.सं.२०३९ सालमा स्थानीय बासीहरुबाट व्यवस्थित बसपार्क बनाउनका लागि पोखरा उपत्यका नगर विकास समितिलाई स्वामित्व हस्तान्तरण गरी बहुदलीय व्यवस्था पुनःस्थापना पछि समितिले बसपार्क निर्माण गरेको थियो ।

बसपार्क बनेको २०/२२ वर्ष भइसक्दा समेत पोखरा उपत्यका नगर विकास समितिलाई जानकारी नै नदिई विभिन्न संघ-संस्थाले आफूखुशी रकम उठाउँदै आएका थिए । यस्ता घटना बढ्दै गएपछि नगर विकास समिति सक्रिय भइ सो रकमलाई समितिमा दाखिला गराउन छानविन समिति बनाइएको समितिका अध्यक्ष विष्णुप्रसाद वस्तीलाले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । जग्गा पोखरा उपत्यका नगर विकास समितिको रहेतापनि बसपार्क सञ्चालन गरेवापत समितिलाई कुनैपनि रकम हालसम्म प्राप्त नभएको अध्यक्ष वस्तीलाले बताए । बसपार्कलाई कुन-कुन संस्थाले रकम उठाएका छन्, आगामी दिनमा कसरी सञ्चालन गर्ने, कति सेवा शुल्क उठाउने र व्यवस्थित कसरी गर्ने भन्ने वषयमा अध्ययन गर्न समितिका बोर्ड सदस्य राजबहादुर गुरुङको संयोजकत्वमा एक समिति बनाइएको छ । समितिमा नेपाली कांग्रेसबाट गिरिराज गौतम, नेकपा एमालेबाट दान बहादुर बानियाँ, नेकपा एमाओवादीबाट भिम विश्वकर्मा, राप्रपा नेपालको तर्फबाट भोला जंग सुबेदी र राप्रपाबाट नरहरि तिमिल्सिना, पोखरा उमनपाको प्रतिनिधि र पोखरा उपत्यका नगर विकास समितिका इञ्जिनियर सुरेन्द्र सिग्देल सदस्य सचिव रहेका छन् । समितिले २१ दिनभित्र प्रतिवेदन पेश गर्ने बताईको छ । गठित समितिले प्रथम चरणमा वस्तुस्थिति अवलोकन गरिसकेको छ भने सम्बन्धित संघ, संस्था तथा व्यक्तिहरुसंग वस्तुस्थिति जानकारी लिने र बोर्ड बैठकमा पेस गरिने संयोजक राजबहादुर गुरुङले जानकारी दिए ।

तरकारीको बीउ खरिद गर्न नौ लाख अनुदान

म्यादी १० असार ।(रासस)

जिल्ला कृषि विकास कार्यालय, म्याग्दीले यस वर्ष किसानलाई तरकारीको बीउ खरिद गर्न रु नौ लाखभन्दा बढी अनुदान उपलब्ध गराएको छ । चालु आर्थिक वर्ष २०७०/७१ को व्यावसायिक बेमौसमी तरकारीखेती पकेट क्षेत्र विस्तार कार्यक्रमअन्तर्गत किसानलाई व्यावसायिक तरकारीखेतीतर्फ आकर्षित गराउन समूहमार्फत अनुदान उपलब्ध गराएको कार्यालयले जनाएको छ । विभिन्न आठ समूह तथा सहकारीमा आबद्ध कृषकलाई प्रतिसमूह रु एक लाख १४ हजारका दरले रु नौ लाख १२ हजार उपलब्ध गराएको वरिष्ठ कृषि विकास अधिकृत वसन्तकुमार श्रेष्ठले जानकारी दिए । व्यावसायिक तरकारीखेतीमा कृषकको सहभागिता वृद्धि गरी तरकारी आयात प्रतिस्थापन गर्ने उद्देश्यले सुरु गरिएको कार्यक्रमअनुसार किसानलाई व्यावसायिक बनाउन बीउ खरिदका लागि अनुदान वितरण गरेको अधिकृत श्रेष्ठले बताए । बाबियाचौर, सिंगाको सुर्केमेला, भकिम्ली, विम, रत्नेचौर, ज्यामरुककोट, दाना र राम्चे गाविसमा गठन भएका कृषक समूहमा २० देखि २५ जना किसान आबद्ध छन् । जिल्ला कृषि विकास कार्यालयले उपलब्ध गराएको अनुदानमार्फत समूहका सदस्यलाई तरकारीको बीउ खरिद गरी वितरण गरेको ज्यामरुककोट कृषि सञ्जालका अध्यक्ष शोवित शर्माले बताए ।

पोखरेली पाइलट विश्व प्रतियोगितामा

✍गोल्डेन न्यूज संवाददाता
पोखरा १० असार ।



जुलाई १९ देखि २६ तारिख सम्म युरोपियन राष्ट्र मेसोडोनिया (पूर्वी युगोस्लाभिया) को कुसेवोमा आयोजना हुने विश्व प्यारालाईडिड प्रतियोगितामा नेपाली प्यारा ग्लाईडिड पाईलटले प्रतिस्पर्धा गर्ने भएका छन् ।

पोखराको सनराईज प्यारास्लाईडिमा विगत ७ वषदेखि पाईलटको भूमिका निभाउँदै आएका ३१ वर्षीय रविन गुरुङ प्रतियोगितामा छनौट भएको गत्यन डटकमले उल्लेख गरेको छ । प्रतियोगितामा २० भन्दा बढी राष्ट्का १ सय ५० जना पाईलटहरुको सहभागिता रहने छ । नेपालबाट प्यारालाईडिड विश्वकपमा भाग लिने गुरुङ पहिलो खेलाडी हुन् । गुरुङको यस अगाडिको प्रतियोगिताको नतिजाहरुको आधारमा छनौट भएका हुन् । प्यारालाईडिड कमिटीले वेवसाईडबाटै गुरुङको रुचि अनुसार उनको खेलको स्तर तथा च्याडिकडको आधारमा छनौट गरेपछि उनी प्यारालाईडिड खेलमा विश्व कप खेल्ने पहिलो नेपालीको रुपमा सहभागि हुने भएका हुन् । त्यसै गरी जुलाई ५ देखि १२ गतेसम्म अमेरिकाको वासिङटनको चेलाङमा आयोजना हुने एफएआई क्याटगोरी -२ प्रतियोगितामा पोखराका दुई खेलाडी छनौट भएका छन् । नाका उपाध्यक्ष समेत रहेका योगेश भट्टराई र पाईलट आसिस भट्टराई उक्त प्रतियोगितामा सहभागि हुने भएका हुन् । यसअघि तीन जना खेलाडीहरुले पोखरामा आयोजना हुँदै आएको खुल्ला प्यारालाईडिड प्रतियोगितादेखि, एफएआई क्याटगोरी -२ प्रतियोगिता, रशियन कप र भारतमा आयोजना भएको प्रि-वर्ल्डकपमा समेत आफ्नो सहभागिता जनाउँदै आएका थिए । उनीहरुलाई मंगलबार हवाई खेलकुद संस्था (नाघे) पोखरामा विदाइ गरेको छ ।

उनीहरुलाई प्यारास्लाईडिडका अन्तर्राष्ट्रिय खेलाडी सानुबाबु सुनावरले नेपालको झण्डा र नाको झण्डा प्रदान गरेका थिए । गुरुङको विश्व कपमा सहभागितालेसम्पूर्ण नेपालको पहिचान गराउने र देशको राष्ट्रिय झण्डा विश्वसामु फराउने भएकोले सम्पूर्ण नेपालीहरुको खुशिको विषय भएको सुनारले बताए । पोखरा लगायतका क्षेत्रमा प्यारालाईडिडको विकास र विस्तारको कारण आज नेपाली खेलाडीले विश्वका शक्तिशाली राष्ट्र सामु आफ्नो सहभागिता गराउनु नै आफूहरुको लागि ठुलो उपलब्धि भएको सुनारको भनाई थियो ।

विधेयकप्रति प्रेस युनियनको विरोध

काठमाडौं १० असार ।(गोल्डेन)

सरकारले हालै संसदमा प्रस्तुत गरेको अदालतको अपहेलनासम्बन्धी विधेयकप्रति नेपाल प्रेस युनियनले विरोध गरेको छ । उक्त विधेयक न्यायालयको गरिमालाई जोगाउन र अदालत एवम् न्यायाधीशको काम कार्वाहीका लागि अत्यावश्यक रहेको भए पनि विधेयकमा रहेका कतिपय प्रावधानले नागिरकको अभिव्यक्ति स्वतन्त्रतालाई खुम्च्याउने खतरा देखिएको युनियनले जनाएको छ । युनियनका महासचिव शिव लम्सालद्वारा जारी विज्ञप्तिमा भनिएको छ-'नागरिकसंग सम्बन्धित सो विधेयकका केही दफाको नागरिक समाज र सम्बद्ध पक्षसंग खुला छलफल गरी आवश्यक परिमार्जन गर्न सरकारको हामी ध्यानाकर्षण गराउँदछौं, प्रस्तावित विधेयकका दफा ४, ८, ११ र १७ मा पर्याप्त सुधार गर्नुपर्ने युनियनको धारणा छ ।' युनियनले सरकार र संसद्लाई त्यसतर्फ अविलम्ब पहल गर्न र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित नहुने गरी कानून तर्जुमाको प्रक्रियामा अगाडि बढाउन पनि माग गरेको छ ।

पत्रकार आचारसंहिताको पालना गरौं,
पत्रकारितालाई मर्यादित र स्वस्थ राखौं ।
नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

घर भाडामा
पोखराको महेन्द्रपुल नजिकै नयाँबजारमा रहेको सुविधा सम्पन्न घर भाडामा छ । वित्तीय संस्था, कन्सल्टेन्सी तथा कार्यालयका लागि आवश्यक केही पूर्वाधार तथा डेकोरेशन समेत दुईवटा सटर सहितको भुइँ तल्ला र पहिलो तल्ला भाडामा लिन चाहनेहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :
०६१-५२१४७४, ५८५६०२०६०१(योगेन्द्र)

थकाली भान्छाघर बिक्रीमा
पोखराको महेन्द्रपुल नजिकै नयाँबजारमा अत्यन्तै चालु अवस्थामा रहेको थकाली भान्साघर डेकोरेशन र अन्य सम्पूर्ण सामान सहित विशेष कारणवस तुरुन्त बिक्रीमा छ ।
सम्पर्क : ०६१-५३८४११, ५८५६०३०७८७(वसन्त)

Accounting & Banking Training
MATCOSC नै किन ?
यस क्षेत्रमा नै सबैभन्दा पहिलो विगत १२ वर्षदेखि Bank officer, Management Expert तथा Auditor हरबाट Accouting Banking सम्बन्धी १००% Practical Training दिइ Bank, Company, School, Business Firm, NGO आदिमा प्यारेन्टीका साथ Job गर्नका लागि ।
Manual Accounting:
❖Business Accounting
(Hotel, Bank, NGO, School, Company)
❖VAT, Income Tax, Banking
Computrized Accounting:
❖Tally ERP.9, TATA E-X Next, Swastik & FINPRO
Free Admission, Certificate & Training Meterial
Mega Offer for +2, BBA/BBS Student
Contact :
MATCOSC
(Management Training & Consultant Service Centre)
Mahendrapool, pokhara (Tika Bhawan)
Ph. no: 061-540297, 9846384533

पोखरा इन्जिनियरिङ कलेजको भर्ना सम्बन्धी सूचना
विगत १५ वर्षदेखि गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्दै आइरहेको यस कलेजमा शैक्षिकसत्र २०७१/०७१ का लागि ३ वर्षे Engineering का निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो ।
कार्यक्रमहरु :
Diploma in Civil Engineering - 48 Seats
Diploma in Computer Engineering - 48 Seats
Diploma in Electronics Engineering - 48 Seats
Sub-overseer Civil (15 Month Program) - 40 Seats
आवश्यक न्यूनतम योग्यता: एस.एल.सी पास वा सो सरह
फाराम बुझाउने अन्तिम मिति : २०७१ श्रावण ५ गतेसम्म
प्रवेश परीक्षा : २०७१ श्रावण १० गते शनिबार, बिहान ८:०० बजे
विस्तृत जानकारीको लागि:
पोखरा इन्जिनियरिङ कलेज
फिर्के-८, पोखरा, फोन: ०६१-५३१२०९, ५२८५३०, ५२५९२६ वा www.pec.edu.np
नोट: यही असार १० गते दिउँसो २ बजे प्रवेश परीक्षा तयारी कक्षा संचालन हुन गइरहेकोले इच्छुक विद्यार्थीहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।



Entry requirement: First division in SLC for Science
Second division in SLC for Management & Humanities (Fine Arts)
For details:
Please contact to the Department of Admission between 7 am to 4 pm.
Principal
Hill Point Higher Secondary School
Contact No. 061-526105, 527938, 530595

■ मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन ।
- महाकवि लक्ष्मीप्रसाद देवकोटा

सम्पादकीय . .

सूचीको भ्रमणले दिएको सन्देश

केही दिन अघि म्यानमारकी प्रजातन्त्रवादी नेतृ आङसान सुची नेपाल भ्रमण गरिन । नेतृ सुचीले नेपालमा आएर भव्य स्वागत पाएकी छिन् । उनले पाएको स्वागतका आधारमा भन्ने हो भने म्यानमार एउटा यस्तो भाग्यमानी देश हो, जसले आङसान सुची जस्तो प्रजातन्त्रवादी नेतृ जन्माएको छ । सुचीले नेपालमा आएर भव्य स्वागत पाइरहेका बेला म्यानमारका सैनिक शासकहरूले भने सुचीलाई राष्ट्रपतिको उम्मेदवार नै बन्न नदिने तानाबाना बुनिरहेका छन् । नेपाली सेनाको प्रशंसा गर्न भ्याएकी नेतृ सुचीले आफ्नो देशको सेना भने व्यवसायिक बन्न नसकेकोमा चिन्ता व्यक्त गरिन् । नेपालमा सुचीको भव्य स्वागत र सम्मान भयो उनलाई 'लोकतन्त्रकी आमा'को सम्मान पनि दिइएको छ । तर उनकै देशमा उनी किन उपेक्षित भइरहेकी छिन् ? किन उनलाई विदेशीकी आमा र विदेशीकी पत्नी भनिन्छ ? किन उनलाई राष्ट्रपतिको उम्मेदवार नै बन्न नदिने षड्यन्त्र गरिन्छ ? नेतृ सुचीकै कारणबाट आज म्यानमार विश्वजगत्मा चर्चित देश बन्न पुगेको छ । यस्ती नेतृलाई म्यानमारको सेनाले किन देख्न सक्दैन ? नोबेल पुरस्कार समेत हात पारेकी नेतृ सुची म्यानमारको नेतृत्वमा पुग्ने हो भने म्यानमारलाई के नोक्सानी हुन्छ ? यस्ता प्रश्नहरू म्यानमारको सेनासामु उपस्थित भएका छन् । नेतृ सुचीले नेपालमा आएर दिएको मन्तव्य विश्वजगत्लाई नै छुने खालको छ । लोकतान्त्रिक मार्गमा भर्खरै प्रवेश गरेको नेपालमा आतिथ्य पाएकी सुचीले जनतालाई लोकतन्त्रको अनुभव कसरी गराउने भन्ने सवालमा लोकतन्त्रवादी राजनीतिक पाटीहरूले चिन्तन गर्नुपर्ने सुझाव दिएकी छिन् । राजनीतिक दलहरू सत्तामा पुग्नुलाई मात्र लोकतन्त्र मान्न नसकिने तर्क सुचीको रहेको छ । नेपालको लोकतन्त्र जनतासम्म पुग्न सकेको छैन भन्ने कुरा नेपालका राजनीतिक दलका नेताहरूले पनि स्वीकार गरेका छन् । राजनीतिक दलका नेता र कार्यकर्ताहरूले पाउने लोकतन्त्रको अनुभूति जनतालेे पाउन नसक्नुका पछाडि राजनीतिक दलहरूकै कमजोरी रहेको छ भन्ने कुरा स्पष्ट छ । नेपाली सेनाले नेपालका राजनीतिक दलहरूका विरुद्ध कुनै असहज कदम उठाएको छैन । राजतन्त्रात्मक शासनकालमा पनि नेपाली सेनाले दलहरूका विरुद्ध कुनै षड्यन्त्र गरेको इतिहास छैन । राजसंस्थाको रक्षाकवचका रूपमा चर्चा पाएको र संविधानमै पनि सैनिक कर्तव्यका रूपमा राजसंस्थाको रक्षक भनिएको र राजसंस्थाकै पहिचानसहितको संगठनका रूपमा 'शाही नेपाली सेना'का रुपमा रहँदा पनि राजनीतिक दलहरूकै नीति निर्देशनमा रहँदै र चल्दै आएको यसको इतिहास छ । जस्तोसुकै विषम परिस्थितिमा पनि नेपाली सेनाले राजनीतिक दलहरूविरुद्ध स्वयम् कदम चाल्न् परेको छैन । संविधानलाई निलम्बित गरेर सेनाले आफू अनुकूलको संविधान बनाएर शासन गरेका घटना संसारका धेरै देशहरूमा पाउन सकिन्छ । तर पनि नेपाली सेनाले संविधानत: गर्नुपर्ने बाहेक अरु काम गरेको छैन । म्यानमारको राजनीतिमाथि सेनाको हस्तक्षेप भइरहनु, पाकिस्तान र बंगलादेश हुँदै थाइल्याण्ड पनि सेनाको हस्तक्षेपबाटै गुज्रिनुपर्ने परिस्थिति विकसित हुनु, तर नेपालमा नेपाली सेनाको संयमता देखिनुका पछाडि सम्भवत: बाह्य शक्तिको सशक्त निगरानी पनि एउटा महत्वपूर्ण कारण हो कि ?! नेतृ सुचीले नेपालका आगामी दिनहरू कसरी गुज्रिने हुन् ? देशभक्त नेपाली जनतालाई नेपाली सेनाले कस्तो साथ दिने हुन् ? हेर्न अझै समय बाँकी छ । नेपाल लोकतन्त्रमा प्रवेश गरेसँगै वैदेशिक दलालतन्त्रले नेपालको अस्तित्व धराप्मा पार्ने अवस्था विकसित भइसक्दा पनि नेपाली सेनाले हेरिरहनुपर्ने बाध्यात्मक स्थिति रहेको छ । यसलाई हामी सबै नेपाली, सरकार र नेपालका राजनेताहले बेलैमा बुझ्न जरुरी छ ।

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल आषाढ ११ गते बुधबार, तदनुसार जुन २५ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामाकह संवत्सरह, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शीघ्र ऋतु चल्दै छ । चान्द्रमान अनुसार आषाढकृष्णपक्ष चलिरहेको छ । शौरमान अनुसार आज आषाढकृष्णपक्षको त्रयोदशी तिथि १४ घटि ४३ पला अर्थात बिहानमा ११ बजेर ०५ मिनेटसम्म त्यसउप्रान्त चतुर्दशी तिथि लाग्नेछ । आज सूर्य मिथुन राशिमा रहेको छ भने चन्द्रमा वृष राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३४ घटि ३५ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर ११ मिनेटमा तुरुवैव मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ७ बजेर १ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : मानसिक पीडा थपिने, आम्दानीमा गिरावट हुनेछ, साथीभाईसँग मनमुटाव, शत्रुहरु सक्रिय हुनेछन् ।

वृष : पढाईमा लगनशीलता, धार्मिक क्रियाशीलता बढ्ने,राजनैतिक क्षेत्रमा सफलता, टाढाको मित्र संग भेटघाट हुनेछ ।

मिथुन : धन हराउन सक्ने, स्वास्थ्यमा गडबढी, प्रेममा धोका हुन सक्ने दिन खराब छ सर्तक हुनुहोला ।

कर्कट : आम्दानीमा वृद्धि, आफ्नै पेशाप्रति असन्तुष्टि, मिष्ठान्न भोजन प्राप्ति, हराएको वस्तु फेला पर्ने सम्भावना छ ।

सिंह : आफन्तले कुरा काट्नेछन्, आटेको कार्य अधुरा, नयाँ कार्यमा लगानी गर्ने योजना विफल हुनेछन् ।

कन्या : आफ्नै मान्छेबाट धोका, यात्रामा सावधानी अपनाउनु पर्ने, दिन र समय दुवै खराब रहनेछन्, जोगिनु होला ।

तुला : गरेको प्रयास अर्थहिन, नकारात्मक सोचाइ बढ्ने, पारिवारिक कलहमा वृद्धि हुनेछ सर्तक रहनुहोला ।

वृश्चिक : टाढाबाट धन प्राप्ति, सामाजिक क्षेत्रबाट सम्मान, राजनैतिक सक्रियता बढ्नेछ समय राम्रो छ ।

धनु : आदरसत्कार पाइने, पारिवारिक सहयोग मिल्ने, नयाँ क्षेत्रमा लगानी गर्दा मनग्य आम्दानी हुनेछ दिन शुभ छ ।

मकर : मानसिक शान्ति मल्ने, नयाँ ठाउँको भ्रमण, आफ्नै पेशाप्रति सन्तुष्टि, सबै काम सजिलै सम्पन्न हुनेछन् ।

कुम्भ : परिवारमा ठूलो विवाद, दीर्घरोग देखा पर्ने, दिन अत्यन्तै नराम्रो छ, सर्तक सर्तक भएर काममा सरिक हुनुहोला ।

मीन : चोटपटकको भय, दिनभर नैराश्यता हुने, व्यापार व्यवसायमा मन्दी, मनमा अशान्ति छाउनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

निर्वाचन आयोगद्वारा धन्यवाद ज्ञापन

काठमाडौं ८ असार ।

निर्वाचन आयोगको मंगलबार बसेको बैठकले यही असार ८ गते सम्पन्न संविधानसभा सदस्य उपनिर्वाचनमा प्रत्यक्ष एवम् परोक्षरूपमा सहयोग पुऱ्याउने सबैलाई धन्यवाद दिएको छ । बैठकले संविधानसभा सदस्य उपनिर्वाचनका सिलसिलामा गत वैशाख ५ गतेबाट लागू भएको उपनिर्वाचन आचारसंहितासमेत आजैका मितिदेखि लागू हुने गरी क्रियाशील नरहने निर्णय गरेको आयोगका प्रवक्ता महेश्वर न्यौपानेले बताए । रासस

हार्दिक समवेदना



जन्म: २००८/६/२४

स्वर्गारोहरण: २०७१/०२/३०

स्व. गंगाबहादुर कार्की

नेपाली कांग्रेस पोखरा उपमहानगरपालिका वडा नं. ७ इकाइका सचिव गंगाबहादुर कार्कीको ६३ वर्षको उमेरमा भएको असमायिक र अकल्पनीय निधनले हामी अत्यन्तै स्तब्ध र ममाहित बनेका छौं । उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवगंत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवार, आफन्तजन, ईष्टमित्रका साथै सम्पुर्ण शुभेच्छुकहरुमा धैर्यधारण गर्न शक्ति मिलोस् भन्ने कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

सरोज नारायण बराल (सभापति) एवं

नेपाली कांग्रेस पोखरा उप-महानगरपालिका वडा नं. ७ इकाइ परिवार

हार्दिक समवेदना



जन्म: १९८०/१०/०१

स्वर्गारोहरण: २०७१/०२/३०

स्व. मोतिकुमारी कोइराला

कोइराला सेवा समाज कास्कीकी सदस्य एवं अग्रज महिला व्यक्तित्व मोतिकुमारी कोइरालाको असमायिक र अकल्पनीय निधनले हामी अत्यन्तै स्तब्ध र ममाहित बनेका छौं । उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवगंत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवार, आफन्तजन, ईष्टमित्रका साथै सम्पुर्ण शुभेच्छुकहरुमा धैर्यधारण गर्न शक्ति मिलोस् भन्ने कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

रामजीप्रसाद कोइराला
का.वा. अध्यक्ष एवं

कोइराला सेवा समाज कास्की परिवार

चाया, पोतो र डण्डिफोर Bye Bye

चाया, पोतो, डण्डिफोर र मख्खियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने

यहाँ Orginal Korean Cosmetic Product पाइन्छ ।

- साथमा मोटोपन घटाउने र बढाउने पनि ।
- कपाल भर्नं रोक्ने, उमार्ने Hair building fiber.
- सेतो कपालालाई ५ मिनेटमा नै कालो बनाउने
- महिनामा नै १-३ इन्च हाइट बढाउने Step-Up.
- चाउरिपना हटाउने
- पिनासका लागि सफल उपचार ।
- म्याष्ट्रिक उपचार
- Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
- थाहै नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।

Skin Test गरिन्छ ।

हाड, कम्मर, हात खुट्टा जोनिहिरको दुखाइ कम गर्ने

नेपालकै नं. १ *Aloevera Juice हामीकहाँ पाइन्छ ।*

बिहानी ब्युटी ट्रेडर्स

चिप्लेढुङ्गा, पोखरा-८, फोन: ४८४६१५४१८८, ०६१-५२४५५४
(मल्ल इम्पोरियमको अगाडि ढा कम्प्लेक्स भन्दा दुई धर तल)

निःशुल्क कम्प्युटर तालिम

यस Green plus को सहयोगमा Informatics & High Mount computer इन्स्टिच्युटमा निःशुल्क कम्प्युटर शिक्षा संचालन भैरहेको छ । (छनोटमा नपरेकालाई ६० प्रतिशत छुट दिइएको छ ।

Informatics computer
सुजानचोक, पोखरा-८
061-229471(UTL), 9846041617

High Mount computer
विरुभवाबिर्ता, पोखरा-२
061-527435, 9846566480

खानेपानी चाहिएमा

मूलको शुद्ध खानेपानी चाहिएमा हामीलाई सम्भनुहोस् । बोरिङको नगनाउने पानी

सम्पर्क
भद्रकाली सप्लायर्स
काहुँखोलाचोक, आर्या-१,
फोन : ०६१-५३९०६०
९८५६०३७६६६

अखण्ड नेपाल पार्टी कास्कीमा केसी

गोल्डेन न्यूज संवाददाता
पोखरा १० असार ।

अखण्ड नेपाल पार्टी कास्कीको सम्पन्न अधिवेसनले मीनबहादुर केसीको अध्यक्षतामा ५१ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । समितिको वरिष्ठ उपाध्यक्ष बालकृष्ण सुवेदी, सचिव रामबहादुर केसी, कोषाध्यक्ष कृष्णबहादुर थापा, महिला उपाध्यक्ष गोमा रायमाझी, क्षेत्रगत उपाध्यक्षमा गणेशबहादुर केसी, दानबहादुर बस्नेत, टेकन गिरी, रामबहादुर क्षेत्री, सहसचिव प्रेमबहादुर थापा, गणेबहादुर केसी र रेणुका ठकुरी चयन भएका छन् ।

सदस्यमा हरि थापा, मीनराज खड्का, दिलबहादुर थापा, कृष्ण थापा, कृष्णविहारी भण्डारी, सीता जिसी, बाबुराम थापा, लोकराज बराल, भीमनाथ बराल, नरबहादुर केसी, चित्रबहादुर जिसी, बुद्धदेवी कुँवर, शिव कुँवर, राजु क्षेत्री, दिनाकर मल्ल, कर्ण मल्ल, मञ्जु रानाभाट, सरस्वती हमाल, अमर गिरी, नन्दप्रसाद बराल, यामकुमार बस्नेत, भावना थापा, गीता भट्ट, मीना भण्डारी, प्रेम श्रेष्ठ, गंगा केसीलगायत चयन भए ।

अधिवेसनको उद्घाटन गर्दै पाटीका केन्द्रीय वरिष्ठ उपाध्यक्ष चतुराखर अधिकारीले देश बचाउने इमान्दार पार्टी अखण्ड नेपाल पार्टी भएको दावी गरे । उनले आफ्नो पाटीले पहिलो पटक राष्ट्रिय पाटीको मान्यता पाएको र अबको दिनमा पाटीले आमनेपालीको मन जिल्न सक्ने बनाउन सबै कार्यकर्ता इमान्दार भै लाग्नुपर्ने बताए ।

पार्टीका जिल्ला अध्यक्ष पदमबहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीका केन्द्रीय महासचिव केशबहादुर केसी, केन्द्रीय कोषाध्यक्ष शंकर केसी, केन्द्रीय सदस्य दिलबहादुर बस्नेत, भरत बस्नेत, दिलबहादुर अधिकारी, रिबबहादुर थापा, खिमबहादुर शाही, क्षेत्र नं. ४ का अध्यक्ष कृष्ण थापा, क्षेत्र नं. ३ का टेकन गिरी, १ का अध्यक्ष मीनबहादुर केसी, सचिव लक्ष्मी अधिकारी लगायतले राष्ट्रिय सदभाव र एकताको लागि अखण्ड पार्टी सदैव लागिपर्ने धारणा राखेका थिए ।

हामी सरेका छौं

न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, ०६१-२२९८३७

पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।

त्यो पनि सस्तोमा



Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions

अत्याधुनिक मेसिनद्वारा कार्टिज साफा गरी प्रेस गुणस्तरीकाम साथ टोनर रिफिलिङ्ग Mono/Color (A4/A3)

इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित

गण्डकी कम्प्युटर्स
... the printer house

किचन चिम्नी होलसेल मूल्यमा





Omni Brand का Glasshood Kitchan Chimney हरु होलसेल मूल्यमा ।

Omni Brand का Kitchen Hubs, Solar Water, Heater,Gas gueser तथा Water Purifier हरु अत्यन्त सुपथ मूल्यमा खरिद् तथा ममंत गर्नुपरेमा हामीलाई सम्भनुहोस् ।

पोखराका लागि आधिकारिक विक्रेता

न्यू पायोनियर इन्टरनेशनल, रानीपौवा, पोखरा-११
फोन : ०६१-५२७५९८, मो. : ९८५६०२५३७०

आवश्यकता

कुक	-	१ जना
कुक हेल्पर	-	१ जना
डिस वासर	-	१ जना
हाउस किपङ्ग	-	२ जना
रुम ब्वाई/वेटर	-	२ जना
नाइट गार्ड	-	१ जना

अनुभवीलाई विशेष प्राथमिकता
सम्पर्क : ०६१-५६२८१७, ९८१४२६३०२

आवश्यकता

महेन्द्रपुल नजिकै उत्पादन संस्थालाई साधारण शिक्षित तथा अशिक्षित महिला गृहणीको आवश्यकता ।
आकर्षक्ती बनाउनेमा- महिला गृहणी, युवती- २१ जना
प्रोट कार्ड बनाउनेमा- युवा/युवती/विद्यार्थी-१६ जना
•निशुल्क तालिम सहित रोजगारको १००% ग्यारेन्टी
•तलब कामको इज्जत तथा क्षमताको आधारमा मासिक ६,०००।- भन्दा बढी कमाउन सकिने।
•आफ्नै घरमा सामाजी तमेर जुनसुकै समयमा काम गर्न सकिने ।
सम्पर्क : ४८४६७०८१७४, ४८१६६३७२९१
महेन्द्रपुल, पोखरा

आवश्यकता

सरस्वती पुस्तक पसलका लागि केही कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क
सरस्वती पुस्तक पसल
पालिखेचोक, पोखरा
फोन : ०६१-५४०५०१

आवश्यकता

कुक - १
डिस वासर - १
सम्पर्क:
- न्यूरोड मम हाउस -
सम्पर्क
९८०६६७५६३३

Accounting Training

Special Accounting with "VAT & Taxation

समय : दिउँसो

सम्पर्क :
BTI pokhara, सभागृहचोक
061-207111, 9856031380

भर्ना खुल्यो

RAI School announce Admission open for + 1 *(Best college in kathmandu)*
Tel: 01-4911685
सम्पर्क :
BTI pokhara, सभागृहचोक
061-207111, 9856031380
Contact Us for : General Banking, Accounting Training

सुशीको खबर! सुशीको खबर !!

सस्तो, भरपर्दो, छिटो र विश्वासिलो माध्यमबाट देश तथा विदेशमा चिठीपत्र, पार्सल एवं कागों पठाउनु परेमा हामीलाई सम्भनुहोस् । साथै बस, जहाज र मनकामना केवलकारको टिकट समेत हामीकहाँ पाइन्छ ।

सम्पर्क
WorldTouch Cargo & Courier Pvt.Ltd.
(सम्पदा कम्प्लेक्स) चिप्लेढुङ्गा, पोखरा, फोन ०६१-५३२५०२, ९८०६७३८३००

Study & Work in Europe

Grece/Poland/Netherland/ Switzerland

Qualification : +2

- Pay After Visa
- No IELTS/ TOFELS
- Dependent can apply after TRC
- High Visa Sucess rate till now
- Gap no Problems

Contact
Career Makers Education Pvt.Ltd.
Panthigalli, Chipledhunga, Pokhara-4
Tel: 061-523454, 9846040874

खानेपानी चाहिएमा

मिनरल वाटर र जार पानी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला ।

सम्पर्क
भद्रकाली सप्लायर्स
स्वागतनगरचोक, पोखरा-१४, चाउबे,
फोन : ०६१-५३९०६० ९८५६०३७६६६

"रंगहरूको अदितम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

योर्स ट्रेड कन्सर्न

सर्वसुलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्भनुहोस् !

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

तपाईले पढ्नै पर्ने पत्रिका
गोल्डेन न्यूज दैनिक
तपाईले सुन्नै पर्ने एफ.एम.
102.2 sunaulo fm

एमाले केन्द्रीय विभागबाट प्रतिनिधि चयन

काठमाडौं १० असार ।

नेकपा (एमाले) को नवौं राष्ट्रिय महाधिवेशनका लागि मंगलबार काठमाडौं उपत्यका भूगोलका जिल्ला कमिटी, केन्द्रीय विभाग र विभिन्न मातृ संस्थाबाट प्रतिनिधि चयन प्रक्रिया सुरु भएको छ ।

भूगोलका कमिटीमा भएको निर्वाचनको परिणाम आइसकेको छैन भने सर्वसम्मतिका आधारमा चयन भएका केन्द्रीय विभागका प्रतिनिधिका नाम प्राप्त भएको छ । केन्द्रीय विभागबाट एक/एक जनाका दरले प्रतिनिधि चयनको व्यवस्था गरिएको थियो । जसमा केन्द्रीय प्रचार विभागबाट सूर्य थापा, संसदीय विभागबाट रामनाथ ढकाल, विदेश विभागबाट डा.राजन भट्टराई, केन्द्रीय सम्पर्कबाट डा. भीष्म अधिकारी, कृषि तथा सहकारीबाट डा. प्रेम दङ्गाल, सङ्घीय मामिलाबाट शिवजी गुरुङ, सहकारीबाट परशुराम उपाध्याय, राज्य व्यवस्थाबाट उदय शर्मा, अध्ययन तथा अनुसन्धानबाट हस्त पण्डित, कानुनबाट वामदेव ज्ञवाली, शिक्षा तथा मानव स्रोतबाट चैतन्य शर्मा, संस्कृतिबाट बद्री कोइराला, आर्थिकबाट खेमराज पौडेल, स्कूलबाट ईश्वर रिजाल, अर्थ तथा योजनाबाट मीना ज्ञवाली, सामाजिक तथा समावेशीकरणबाट पूर्णशोभा चित्रकार सर्वसम्मत चयन भएका छन् । रासस

माविस्तरीय हाजिरीजवाफमा ज्ञानुबाबा प्रथम

पोखरा १० असार ।(गोल्डेन)

स्कोप कास्की अन्तर्गतका विद्यालयहरुबीच माबि स्तरीय नेपाली व्याकरण हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ ।

प्रतियोगितामा ज्ञानुबाबा आवासीय उच्च माबि प्रथम भएको छ । शान्ति निकेतन बोर्डिङ स्कूल र डिज्नील्याण्ड बोर्डिङ स्कूलले क्रमशः द्वितीय र तृतीय स्थान प्राप्त गरेका छन् । कार्यक्रमका प्रमुख अतिथी ज्ञानुबाबा आवासीय उच्च माविका संस्थापक कृष्ण बहादुर गुरुङले स्कोपले प्रभावकारी कार्यक्रम सञ्चालन गरेकोमा खुसी व्यक्त गर्नुभयो । स्कोप कास्कीका अध्यक्ष महेश्वर पराजुलीले यस प्रकारको कार्यक्रमले विद्यार्थीहरुलाई प्रतिष्पर्धी बनाउन प्रेरित गर्ने बताए । सो अवसरमा विजयी विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको थियो । कार्यक्रममा स्कोप कास्कीका उपाध्यक्ष दुर्गा बहादुर थापा, सचिव दिनेश अर्याल, डा. शालिग्राम सुवेदी, शुभकला गुरुङ, ज्ञानुबाबा आवासीय उच्च माविका अतिरिक्त क्रियाकलाप प्रमुख बाबुराम सुवेदी लगायतले बोलेका थिए ।

भर्ना सम्बन्धी सूचना !

पर्यटकीय नगरी पोखराको केन्द्रमा अवस्थित स्वच्छ, शान्त र पूर्ण वातावरण रहेको यस न्याश्नल इन्भेन्टिभ उच्च मा.वि. मा शैक्षिकसत्र २०७१/०७२ का लागि व्यवस्थापन संकाय अन्तर्गत Travel & Tourism सहित कक्षा ११ मा भर्ना खुलेको जानकारी गराइन्छ ।

- असार ५ गतेदेखि आवेदन फारम वितरण भइरहेको छ ।
- प्रवेश परीक्षा तथा अन्तर्वार्ताका आधारमा भर्ना लिइनेछ ।

विस्तृत जानकारीका लागि विद्यालय प्रशासनमा सम्पर्क गर्नुहोला ।

न्याश्नल इन्भेन्टिभ उच्च मा.वि.

पोखरा-६, बैदाम, फोन : ०६१-४६१४८३

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिकः खाना रुचि नहुने, अमिलो पानी आउने, म्हासिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्याः शिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग ढिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

महिला सम्बन्धि समस्या

महिनामारी गड्बढी, सेतोपानी बग्ने, योनी ढिलाउने, तल्लो पेट दाह कम्मर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरताः- कालो चाया पोतो, इण्डिफोर, दाग धब्बा, मस्सिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुलही पातली मुस्किको तौल बनाउनै चाहे तौलो पन घटाउनै ।

थप उपचारः- प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, दम साथै बाथ, दाह कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा

पृथ्वीचोक, पोखरा, मुक्तिजाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र

फ्रि होम सर्भिसहरु

फोन नं.०६१-५३१८६७, ०६-१२२५५५८, मो. ९८४६९३७४१८

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

श्री इन्द्रराज्यलक्ष्मी उच्च मा.वि. पोखरा-१६, लामाचौरमा विज्ञान र व्यवस्थापन विषयमा भर्ना खुल्यो । विज्ञान विषयको प्रवेश परीक्षा २०७१/०३/११ गते बुधबार बिहान ८:०० बजे संचालन हुने भएकाले समयमा नै सम्पर्क गरी आफ्नो सिट सुरक्षित गर्नुहोला ।

विस्तृत जानकारीका लागि

फोन : ०६१-४४१८८६, ४४०५८८

STUDY IN AUSTRALIA

EXPLORE YOUR DREAM DESTINATION



We'll Help You to Fix Your Problem

if you have 5.0 in IELTS and completed 10+2

Classes: IELTS CAE/PET/KET

TRINITY EDUCATION FOUNDATION

Bastolathar, Mahendrapool, Pokhara T: PKR 061-525739 / 521639 KTM: 01-4720635 / 4720655 info@trinityeducation.edu.np

BRANCH: Chakrapath Maharajgunj, KTM

FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA

➪यौन पुरुष : लिङ्को साइज बढाउन, योन क्षमता बढाउन, मासपेशी, ढिलापन, टेढापन, हटाउन, पूरा सुहाग रात फर्काउन,

Herbal Livetra, Hormotex, Maxman.

महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न

गुप्ताङ्ग- Teenager जस्तो कसिलो बनाउन

चिरा-पेट र स्तनमा हुने सेतो धर्सा हटाउन

➪केश झर्न तुरुन्तै रोकी उमार्ने हेयर टनिक मात्र ५००।-

➪मुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-

➪उचाइ बढाउन Step up (नबढे पैसा फिर्ता)

➪तौल बढाउने आयुर्वेदिक अचुक औषधि मात्र १५००/-

(महिनामा ७-१० Kg बढाउने)

➪थाहै नदिई ३ दिनमै जाँड रक्सीको वुलत हटाउन

➪तौल घटाउने जापनिज deit मात्र २५००।-

➪दाह तथा जोनी दुखाइ ठीक पार्ने सन्धीसुधा, पेनलिव

✱ तौल घटाउन Slim 24 pro

पोखरा हर्वल होम्स

(भाटभटेनीको अगाडि)

न्यूरोड, पोखरा

061-539070, 9846053817, 9804122919

नयाँ र पुराना कम्प्युटरहरू खरिद बिक्री गर्नुपरेमा

के तपाईंसंग पुराना कम्प्युटरहरु छन् ?

पुरानो कम्प्युटर र ल्यापटप ल्याउनुहोस र नयाँ लैजानुहोस यसका साथै हामीकहाँ कम्प्युटर मर्मत तथा नयाँ पुराना कम्प्युटरहरू किनबेच गरिन्छ ।

नोट : पोखरा भ्याली भित्र होम सर्भिसको व्यवस्था छ ।

Online Computer Institute

न्यूरोड ५, पोखरा (नगरपालिकाको कार्यालय पछाडि)

सम्पर्क : ९८४६६१७२२७, ९८०२८३३२४२

खुशीको खबर ! खुशीको खबर !!

के तपाई कम्प्युटर बिग्रिएर समस्यामा हुनुहुन्छ ? यदि तपाई घर तथा अफिसमै आएर कम्प्युटर मर्मत गर्ने ठाउँको खोजीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।

सेवा दिने स्थानहरु : पोखरा भ्याली, लेखनाथ र तनहुँ

Mycomputersathi.com

❖website Design & Development

❖Online Radio streaming Service

Mycomputersathi, Buddhachowk, Pokhara-10

Contact: 9746014694, 9804160688, 9846444087

Email : mycomputersath, **Skype :** mycomputersathi

Website : www.mycomputersathi.com

हार्दिक बधाई एवं शुभकामना

100% PASS

नेपाल आदर्श आवसीय उच्च माध्यमिक विद्यालय लेखनाथ-१, भण्डारदिकबाट एस.एल.सी. परीक्षा २०७० मा सम्मिलित ४७ जना विद्यार्थीहरू मध्येबाट १४ जना विशिष्ट श्रेणी र ३३ जना प्रथम श्रेणीमा शतप्रतिशत उत्तीर्ण गराउन सफल सम्पूर्ण शिक्षक शिक्षिकाहरूमा हार्दिक बधाई ज्ञापन गर्दै विद्यार्थीहरूमा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



Nabin Dahal 89.50% Distinction	Abnish Yadav 89.13% Distinction	Sudip Thapa 88.75% Distinction	Bipin Nepali 87.63% Distinction	Sauhaerd Shrestha 86.63% Distinction	Avash Joshi 86.00% Distinction	Nischal Shrestha 85.88% Distinction	Asbin Pariyar 84.25% Distinction	Shiva Lamichhane 83.13% Distinction	Saroj Tamang 82.75% Distinction	Mausam Gurung 82.50% Distinction	Meen K. Gurung 81.75% Distinction	Devendra Gurung 80.50% Distinction	Sabitra Ghale 80.25% Distinction
Ashok Shrestha 79.75% First	Rajib Bhandari 78.00% First	Astha Bhattarai 77.75% First	Adarsha Shahi 77.50% First	Swarabmik D. Khanal 77.25% First	Arati Raj Bhandari 77.13% First	Sarakshita Gurung 77.13% First	Dipesh B.K. 75.75% First	Sujita Sunar 75.00% First	Dikshya Kunwar 74.88% First	Sagar Silwal 74.75% First	Priyanka Gurung 74.63% First	Chanuba Gurung 74.50% First	Nishat Pun 74.50% First
Sapana Pariyar 74.50% First	Avijesh Piya 74.38% First	Sweekar Pun 74.38% First	Susan Ale 74.25% First	Dipsu Shrestha 74.25% First	Khusbu Duwadi 74.13% First	Shilpa Pun 73.88% First	Bijay Thapa 73.75% First	Sagun Bhandari 73.38% First	Manish Pun 72.50% First	Rahul Sapkota 72.38% First	Bimal Gurung 72.38% First	Nutan Bhandari 71.00% First	Dewan Khadka 70.13% First

SCHOLARSHIP ANNOUNCEMENT FOR CLASS ELEVEN

85% and above 100% Admission, Annual and Monthly Fee Scholarship

80% and above 50% Admission, Annual and Monthly Fee Scholarship

75% and above 25% Admission, Annual and Monthly Fee Scholarship

NAAV and Students of Lekhanath, Municipality

25% Admission, Annual and Monthly Fee Scholarship



Anish Gurung 70.00% First	Santosh Chapagai 70.00% First	Sandesh Bhujel 69.88% First	Subina Shrestha 67.25% First	Dipika B.K. 61.38% First

14 Distinction 33 First Division

श्रेष्ठ सपिङ सेन्टर

तल्लो गगनगौंडा, लेखनाथ-१३

फोन : ०६१-५६०३८४

'एच.आई.भी. एड्समा कास्की अगाडि'

गोल्डेन न्यूज संवाददाता
पोखरा १० असार ।



पोखरा उपमहानगरपालिकाका निमित्त कार्यकारी अधिकृत ओमराज पौडेलले एच.आई.भी. एड्स लागूपदार्थको दुर्व्यसनीको दृष्टिले पोखराले नेपालगञ्जलाई उछिनेको बताउँदै सचेतना जगाउनुपर्नेमा जोड दिएका छन् ।

एड्स रोग नियन्त्रण संघ कास्कीले पोखरामा सोमबार आयोजना गरेको एच.आई.भी. एड्स तथा लागूपदार्थ सम्बन्धी सचेतना कार्यक्रममा पौडेलले यस प्रकारको सचेतना अभियानमा पोखरा उपमहानगरपालिकाको सधै साथ रहने प्रतिबद्धता व्यक्त गरे । एड्स रोग नियन्त्रण संघ कास्कीका अध्यक्ष विश्वमोहन गौचनको अध्यक्षतामा भएको कार्यक्रममा सचिव राजन उपाध्याय, सदस्य पुरुषोत्तम श्रेष्ठ, पूर्व सह-सचिव सीता गुरुङ, सल्लाहकारहरु अमृतलाल श्रेष्ठ, गोविन्दप्रसाद शर्मा लगायतले एच.आई.भी. एड्स लागूपदार्थबारे समाजमा सचेतना आवश्यक रहेको बताएका थिए ।

संघ कास्कीका अध्यक्ष विश्वमोहन गौचनको अध्यक्षतामा भएको कार्यक्रममा सचिव राजन उपाध्याय, सदस्य पुरुषोत्तम श्रेष्ठ, पूर्व सह-सचिव सीता गुरुङ, सल्लाहकारहरु अमृतलाल श्रेष्ठ, गोविन्दप्रसाद शर्मा लगायतले एच.आई.भी. एड्स लागूपदार्थबारे समाजमा सचेतना आवश्यक रहेको बताएका थिए ।

सो अवसरमा एच.आई.भी. एड्स सम्बन्धी सचेतनामुलक वृत्तचित्र लक्ष्मी र एचआइभी तथा लागूपदार्थ सम्बन्धी श्रव्यदृश्य सामाग्री प्रस्तुत गरिएको थियो । कार्यक्रममा आमा समूह, टोल विकास संस्था लगायत विभिन्न संघसंस्थाका प्रतिनिधि गरि करिब ६० जनाको सहभागिता रहेको थियो ।

दुर्घटनामा ४ को मृत्यु

सुर्खेत १० असार ।(रासस)

सुर्खेतको छिन्चु-७ मा पर्ने पाँडुलेमा मंगलवार माइक्रोबस दुर्घटना हुँदा चारजनाको मृत्यु भएको छ । रत्न राजमार्ग अन्तर्गतको उक्त सडकमा बोटचौरबाट सदरमुकाम वीरेन्द्रनगरतर्फ आउँदै गरेको बा २ ख ६१९२ नम्बरको माइक्रोबस दुर्घटना हुँदा चारजनाको मृत्यु भएको हो । मृत्यु हुनेमा दशरथपुर-२ का चार वर्षीया अनिता केसी, दशरथपुर-५ की ४० वर्षीया कमला खड्का, मेहेलकुना--७ का ३० वर्षीय दीपक केसी र खानखोला-१ का दुर्गा विक छन् । माइक्रोबसमा २० भन्दा बढी यात्रु हुनसक्ने ट्राफिकले बताएको छ । घाइतेमध्ये केहीको सुर्खेत को वीरेन्द्रनगरमै उपचार भएको र गम्भीर भएकालाई बाँकीको नेपालगञ्ज पठाइएको छ ।

श्रद्धाञ्जलीसभा सम्पन्न

पोखरा १० असार ।(गोल्डेन)

कोइराला सेवा समाज कास्कीले समाजकी ज्येष्ठ सदस्य मोतिकुमारी कोइरालाको श्रद्धाञ्जली सभा कार्यक्रम आयोजना गऱ्यो । समाजले ९१ वर्षको उमेरमा निधन भएकी मोतिकुमारी कोइरालाको १२ औं दिनको पुण्य तिथिमा मंगलवार उक्त श्रद्धाञ्जलीसभा आयोजना गरिएको थियो । संस्थाका कार्यवाहक अध्यक्ष रामजीप्रसाद कोइरालाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष हेरम्बराज कोइराला, सदस्य लक्ष्मण कोइराला, राम्रसाद कोइराला, केन्द्रीय प्रतिनिधि शुभद कोइराला लगायतले मौतिकुमारीको जीवनीमाथि आ-आफ्ना भनाई राखेको कार्यक्रमको संचालन सह-सचिव प्रकाश कोइरालाले गरेका थिए ।

परीक्षाफल प्रकाशित

काठमाडौं १० असार ।(गोल्डेन)

त्रिवि इन्जिनियरिङ अध्ययन संस्थान परीक्षा नियन्त्रण महाशाखाद्वारा सञ्चालित स्नातक तह सिभिल इन्जिनियरिङ (पुर्वाञ्चल क्याम्पसबाहेक) तेस्रो वर्ष प्रथम खण्ड नयाँ पाठ्यक्रम नियमित तथा पुनः परीक्षाको परीक्षाफल मंगलबार प्रकाशन गरिएको छ । परीक्षा गत वर्ष चैतमा सञ्चालन भएको थियो ।

सैनिक आवसीय र कास्की मोडनाइज भिड्ने

गोल्डेन न्यूज संवाददाता
पोखरा १० असार ।

पोखरा रंगशालामा जारी छात्र/छात्रा कास्की जिल्ला कोकाकोला कप विद्यालयस्तरीय फुटलब प्रतियोगिमा अर्न्तगत छात्र तर्फ सैनिक आवासिय र कास्की मोडनाइज बोर्डिङ स्कूल फाइनल प्रवेश गरेका छन ।

मंगलबार भएको पहिलो सेमिफाइनल खेलमा कास्की मोडनाइजले सोसियल पब्लिक बोर्डिङ स्कुललाई टाइबेकरमा ५–४ गोलले पाखा लगाउदै अन्तिम दुईमा स्थान सुरक्षित गरेको हो । निर्धारित समयको खेल गोल रहित बराबरीमा सकिएपछि खेल टाइबेकरमा पुगेपछि कास्की मोडनाइ विजयी भएको हो ।

अन्तिम सेमिफाइनल खेलमा सैनिक आवासीय माविले सेन्टफान्सीस स्कुललाई टाइबेकरमै ५–४ कै नतिजा निकाल्दै फाइनलको यात्रा पक्का गरेको हो । निकै प्रतिस्पर्धात्मक खेलमा सेन्टफान्सीसले पाएका अवसरलाई गोल गर्न नसक्दा टाइबेकरको सिकार हुँदै फाइनल प्रवेशको सपना अधुरो बन्यो । उपाधिका लागी सैनिक आवासीय माबि र कास्की मोडनाइज बीचि बिहिबार प्रतिस्पर्धा हुने छ । त्यस्तै छात्रा तर्फ मंगलबार भएको खेलमा बहादुरे माबि र टप्स उच्च माबि सेमिफाइनल प्रवेश गरेका छन् । बेसलाइन बोर्डिङले बहादुरे माबिलाई टाइबेकरमा ३–२ गोलले पाखा लगाउदै सेमिफाइनको यात्रा निश्चित गरेको हो । अन्तिम खेलमा टप्स उच्च माबिले कालिका उच्च माबिलाई ४–० को फराकिलो जित निकाल्दै फाइनल यात्रा सुनिश्चित गरेको हो । यसअघि गण्डकी बोर्डिङ र नोवेल एकेडेमी सेमिफाइनल प्रवेश गरेका थिए । प्रतियोगिता अर्न्तगत बुधबार गण्डकी र नोवेल तथा बेसलाइन र टप्स बिच सेमिफाइनल खेल हुने छ ।

यसैबीच पोखरा १८ छिनेडाँडा ज्ञानमार्गमा रहेको सेन्ट फ्रान्सिस स्कुलले पोखरा रंगशाला मैदानमा सरसफाइ गरेको छ । पोखरा रंगशालामा जारी कोकोकोला कपमा सहभागी हुन आएको स्कुलका विद्यार्थीहरुले रंगशाला मैदान सरसफाइ गरेका हुन । कक्षा ८ देखि १० सम्मका विद्यार्थीहरुले सरसफाइ गरेको विद्यालयका प्राचार्य फादर एन्टोनियो ऐ डिक्जुले जानकारी दिए । रंगशालामा मैदानमा छरिएर रहेको प्लाष्टिक तथा कागज जन्य फोहोरले मैदानमा कुरुपता पैदा गरेपछि आफुहरुले सरसफाइ गरेको र आगामी दिनमा फोहोरमैला संकलनका लागी विद्यालयको तर्फबाट डस्बिन समेत प्रदान गर्ने कार्यक्रम रहेको विद्यालयका प्राचार्य डिक्जुले जानकारी दिए ।

यसैबीच मंगलबार नै कोकोकोला कपमा सहभागी रहेका एन्फाका रेफ्रीहरुलाई विद्यालयको तर्फबाट मायाको चिनोसमेत प्रदान गरिएको थियो । विद्यालयको तर्फबाट रेफ्रीहरुलाई खाद्य, बुकी तथा टोकन अफ लभ प्रदान गरिएको विद्यालयका स्पोर्टस इन्चार्ज दीपक गौडेलले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए ।

संसदीय परम्परा अवलम्बन गर्नुपर्नेमा सभासदको जोड

काठमाडौं १० असार ।(रासस)

संविधानसभाको मंगलबारको बैठकमा व्यवस्थापिकाको स्वरूपबारे भएको छलफलमा सभासदहरूबाट संसदीय परम्परा अवलम्बन गर्नुपर्ने सुझाव आएको छ । सभासदहरूले तीन तहको व्यवस्थापिकाको अवधारणा र केन्द्रमा दुईवटा सदनको व्यवस्था गर्ने विषय सामायिक भएको तर विगतको संसदीय अभ्यासका क्रममा भिन्नरुका विकृति विसङ्गति नदोहोरिने गरी संसदीय परम्परा अवलम्बन गर्नुपर्नेमा जोड दिए । जनउत्तरदायी संसद् बनाउनुपर्ने, पुरानो खालको राष्ट्रियसभा हुन नहुने र त्यसलाई समावेशी एवम् समानुपातिक प्रतिनिधित्वका आधारमा बनाउनुपर्ने, प्रादेशिक संसद् पनि केन्द्रीय संसद्जस्तै हुनुपर्नेमा उनीहरूको धारणा थियो ।

सदनलाई सर्वशक्तिमान बनाउन नसके छ/छ महिनामा सरकार बनाउने र गिराउने खेल भइरहने भएकाले स्थिर सरकार गठन गर्नेअधिकारयुक्त सदनको व्यवस्था संविधानमा हुनुपर्ने सभासदहरूको अभिमत थियो । प्रत्यक्ष निर्वाचित व्यक्ति सरकार प्रमुख हुनुपर्ने र उसको कार्यकाल पाँचवर्ष किटान हुनुपर्ने विचार पनि उनीहरूले व्यक्त गरे ।

उनीहरूले समानुपातिक र समावेशी सदनमा सबै सभासदहरूले जोड दिँदै खुल्ला सूची नै बन्दसूचीको विकल्प हुने विचार व्यक्त गर्दै देशको अवस्थालाई दृष्टिगत गरी दुई सदनात्मक व्यवस्था हुनुपर्ने बताए । प्रतिनिधिसभाको नाम जनप्रतिनिधिसभाका रूपमा रूपान्तरण गर्दा त्यसले जनआन्दोलनको भावनाका साथै परिवर्तनलाई प्रतिबिम्बित गर्ने मत उनीहरूले प्रकट गरे । छलफलमा सभासदहरू डा प्रकाशशरण महत, मीलनकुमारी राजवंशी, चित्रबहादुर केसी, अमरेशकुमार सिंह, शान्ता मानवी, चन्द्रबहादुर कुँवर, कुमारीलक्ष्मी राई, अब्दुलरजाक अंसि, रुक्मिणी चौधरी, कमला पन्त, भीष्मराज आडदम्बे, सीता गुरुङ, रूपा महजंन, राधादेवी तिमिल्सना, जुठबहादुर टुहुरे खड्की, जीवनकुमारी घिमिरे, उदयशम्शेर जबरा, नरबहादुर थापा मगर, दिलमान पाखिन, शिवचन्द्र चौधरी, महिन लिम्बु, कमला विक, कविताकुमारी सरदार, धनबहादुर रायमाझी लगायत थिए ।

कास्की अर्मलाको समस्या समाधन गर्न सभासदको माग

काठमाडौं १० असार ।(रासस)

व्यवस्थापिका-संसद्को मंगलबारको बैठक पारम्भ हुने बित्तिकै नेपाली काँग्रेसका गोपालमान श्रेष्ठले कास्कीको अर्मलामा उत्पन्न प्राकृतिक विपत्तिबाट पीडित सर्वसाधारणका समस्या समाधानको माग गरे । नेकपा (एमाले)का विकास लम्सालले पर्वतको दलित बस्तीमा परेको चटचाडका कारण ज्यान गुमाएका परिवारजनलाई सहयोग गर्न आग्रह गरे । उनले कालीगण्डकी राजमार्ग निर्माण तत्काल थाल्न माग गरे । एमाओवादीकी सिर्जना खत्रीले प्युठानका विभिन्न भागमा परेको अविरल वर्षासँगै गएको पहिरामा परी मृत्यु भएका १३ जनाका परिवारलाई राहत सामग्री उपलब्ध गराउनेतर्फ सरकारको ध्यान जाओस् भने । राप्रपाका दीपक बोहोराले गुल्मीका पहिरोपीडितलाई सघाउन सरकारसँग माग गरे । सदभावना पाटीका लक्ष्मणलाल कर्णले नेपाल प्रहरीका केही अधिकृतले सामाजिक सञ्जालमा अभिव्यक्ति गरेको विचारका आधारमा थुनामा राखेकामा आपत्ति जनाए ।

सभामुख सुवासचन्द्र नेम्वाङले सन्दर्भविहीन विषयमा बोलेर सदनको अमूल्य समय बर्बाद नगर्न आग्रह गर्दै बजेट, विकास-निर्माणलगायत जनचासोका मामिला सरकारको नीति तथा कार्यक्रममार्फत् प्रस्तुत हुने भएकाले त्यो प्रस्तुत भएपछि आफ्ना धारणा सदनमा उठाउन सुझाव दिए ।

संयुक्तरुपमा जेब्राक्रस निर्माण

गोल्डेन न्यूज संवाददाता
पोखरा १० असार ।

इनरह्वील क्लब अफ पोखरा मिड टाउनको सक्रियतामा पोखराको अम्मरसिंह स्थित सडकमा जेब्राक्रस निर्माण कार्य मंगलबार सम्पन्न भएको छ ।

सडक पार गर्नका लागि सहज होस भन्ने उद्देश्यले करिब १२ हजारको लागतमा जेब्राक्रस निर्माण कार्य गरिएको इनरह्वील क्लब अफ पोखरा मिड टाउनले जनाएको छ । रोटरी क्लब अफ पोखरा मिड टाउनका प्रेसिडेण्ट ईलेक्ट पुरन कुँवर, इनर ह्वील क्लब अफ पोखरा मिड टाउनका प्रेसिडेण्ट सारदा पौडेल र जिल्ला ट्राफिक कार्यालय कास्कीका प्रतिनिधिले संयुक्त रुपमा सो जेब्राक्रस निर्माणको उद्घाटन गरेका थिए । मिडटाउनका अध्यक्ष शारदा पौडेलको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन उपाध्यक्ष शर्मिला कुँवरले सञ्चालन गरेका थिए ।

अम्मरसिंह चोकबाट जाने चारै दिशातर्फका सडकमा जेब्राक्रस निर्माण गरिएपछि सडक पार गर्न सहज हुने अपेक्षा गरिएको छ ।

सिद्धार्थ क्लबको अनुशिक्षण सम्पन्न

गोल्डेन न्यूज संवाददाता
पोखरा १० असार ।

सिद्धार्थ क्लब पोखराद्वारा आयोजित नेतृत्व विकास सम्बन्धि अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ । विभिन्न समितिहरुमा रहेका महिलाहरुको सहभागितामा आयोजित दुई दिने अनुशिक्षण कार्यक्रममा कस्तुी नाच्चैचौर र सराङ्कोट गाविसका विभिन्न समिति तथा महिला समूहहरुमा आवद्ध ३० जना महिलाहरुको सहभागिता रहेको थियो ।

सिद्धार्थ क्लबका अध्यक्ष दिपेन्द्र मर्सानीले सहभागीहरुलाई कार्यक्रमका सहभागि महिलाहरुलाई प्रमाणपत्र वितरण गर्दै अनुशिक्षणमा सिकेका कुराहरुलाई व्यवहारमा उतार्न आग्रह गरे । कार्यक्रममा क्लबका सचिव रवि मर्सानीले कार्यक्रम सम्पन्न भएता पनि कार्यक्षेत्रमा नेतृत्व गर्ने कार्यको सुरुवात भएको बताए । प्रमाणपत्र वितरण गर्दै सराङ्कोटका कमला गोतामे र कुस्ती गाविसका सोनीय थापाले दुईदिनमा माईक समाती बोल्न सक्ने र समूहको नेता कसरी हुने अब हामी महिलाहरु समूहमा सुनेर होईन हाम्रा कुराहरु राख्दै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरिन् । कार्यक्रममा सिद्धार्थ क्लबका अध्यक्ष दिपेन्द्र मर्सानी, सचिव रवी मर्सानी, कार्यक्रम संयोजक दुर्गाप्रसाद खनाल, कार्यक्रम सहजकर्ता शुष्मा पौडेलले सहभागिहरुलाई प्रमाण पत्र वितरण गरेका थिए । कार्यक्रम संचालन सहजिकरण सिद्धार्थ क्लबका बाल पायोजन प्रमुख बलराम तिमिल्सिनाले गरेका थिए ।

घाचोकमा उद्घोषण तथा कार्यालय व्यवस्थापन तालिम

गोल्डेन न्यूज संवाददाता
पोखरा १० असार ।

जनजागरण विकास केन्द्र घाचोकले आयोजना गरेको उद्घोषण, कार्यालय व्यवस्थापन र माइन्युट लेखन सम्बन्धी तालिम सम्पन्न भएको छ ।

तीन दिनसम्म चलेको सो तालिममा घाचोकका ९ वटै वडामा गठित बाल क्लबका २४ जना बालबालिकाको सहभागिता रहेको थियो । तालिम समापन पछि आयोजित कार्यक्रममा प्रमुख प्रशिक्षक पत्रकार शिशिर पौडेल, गाविस सचिव शान्तिप्रसाद गौतम र केन्द्रका अध्यक्ष बुद्धिबहादुर मिजारले सहभागीहरुलाई प्रमाणपत्र वितरण गरेका थिए । कार्यक्रममा गाविस सचिव गौतमले, वडास्तरमा गठित बालक्लबहरु क्रियाशिल भए समाज विकासमा थप टेवा पुग्ने बताए । उनले गाविसबाट विनियोजित बजेट बालबालिकाको हितमै खर्च भएकोमा खुशि व्यक्त गरे ।

प्रमुख प्रशिक्षक एवं पत्रकार महासंघ कास्कीका सदस्य शिशिर पौडेलले व्यक्तित्व विकासका लागि बोल्ने कला अत्यन्तै महत्वपूर्ण रहेको भन्दै तालिममा सिकेका कुरालाई व्यवहारमा उतार्न सुझाव दिए । केन्द्रका अध्यक्ष मिजारले घाचोकलाई बालमैत्री गाविस बनाउने अभियानमा बाल क्लबहरु महत्वपूर्ण हुने बताए ।

सोहि अवसरमा अष्ट्रेलियामा अध्ययन गरिरहेका मेनु अर्मिला नेपालीले स्थानीय जनजागरण सामुदायिक विद्यालयमा अध्ययनरत गरिब तथा जेहन्दार छात्र सुशिला मजकोटीलाई ५ हजार सहयोग गरे । उक्त रकम उनकी आमा स्यानु नेपालीले आजै हस्तान्तरण गरिन् ।

केन्द्रका अध्यक्ष मिजारको अध्यक्षतामा भएको कार्यक्रममा शुक्ला गण्डकी उच्च माविका प्राचार्य महेश्वर पौडेल, केन्द्रका महासचिव रेशम नेपाली, प्रशिक्षकी लक्ष्मी रानाभाट, सिजन केसी, विज्ञानराज सुवेदी लगायतले तालिमको समिक्षा गरेका थिए । केन्द्रले विभिन्न संस्थाको सहयोगमा त्यहाँको सहयोगमा दलित बालबालिकालाई अध्यापन तथा छात्रवृत्ति वितरण गर्दै आइरहेको छ ।

MAC
Announces
Admission Open to
Grade XI
+2 { Science / Management
Entrance Test - 2071-03-08 Sunday (11:30 AM)
For Detail Information
Mount Annapurna Campus (MAC)
Phoolbari, Pokhara-11, Nepal
Tel: 061-532636, 522650 Fax : 061- 532636

यौन तथा प्रजनन रोग विशेषज्ञ डा. विनोद कुमार मिश्र मात्र एक दिनका लागि पोखरामा

धवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर तथा माता मनकामना आरोग्य केन्द्र काठमाडौंका वरिष्ठ छाला तथा यौनरोग विशेषज्ञ डा. विनोदकुमार मिश्र यहि असार १२ गते बिहीबार मात्र एक दिनका लागि पोखरा आउनुहुने भएकाले समयमै स्वास्थ्य परीक्षण गराई स्वास्थ्य सेवाको लाभ लिनुहोला । नयाँ तथा पुराना बिरामीले सम्पर्क गर्न सकिनेछ ।

पुरुषमा देखिने
शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष आदि ।

महिलाहरूमा देखिने
स्तन सानो गिलो हुने, सेतो पानी बरने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका दाग, दण्डीफोर, कालोपोतो, कोठी, दुबी, सेतो दुबी साथै चम्रेरोगहरु ।

महिला वा पुरुषमा हुने बाँझोपन। नि:सन्तानको सफल उपचार

जाँच्ने समय : बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान
माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक
नयाँबजार, पोखरा (न्यू विवेक आयल स्टोर्स अघको घरमा)
फोन: ०६१-५३८१८४, ९८४६०४११३१, ९८०४१७२५३१

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!



पोखराको केन्द्र महेन्द्रपुल नयाँबजारमा अवस्थित यस महेन्द्र उच्च मा.वि. तथा पोखरा बहुमुखी क्याम्पसमा कक्षा ११ तर्फ, शिक्षा, मानवीकी र व्यवस्थापन तर्फ अंग्रेजी र नेपाली दुवै माध्यममा भर्ना खुलेको व्यहोरा जानकारी गराउँदछौं ।

SLC Merit Based Scholarship 2071 on MHSS

SLC%	Students From Government School	Students From Private School
Above 85%	Free Admission+100% Tuition Fee Free	Free Admission +50 Tuition Fee Free
75% to 80%	50% Tuition Fee Free	50% Tuition Fee Free
70% to 75%	25% Tuition Fee Free	25% Tuition Fee Free
65% to 70%	25% Tuition Fee Free	

फाराम वितरण: २०७१/०३/०१ गतेदेखि कक्षा सञ्चालन : २०७१/०३/२३ गतेदेखि
भर्ना प्रयोजनाका लागि :
बिदाको दिनमा समेत बिहान ६ बजेदेखि ४ बजेसम्म अफिस खुल्ला रहने छ ।
श्री महेन्द्र उच्च मा.वि. तथा पोखरा बहुमुखी क्याम्पस
नयाँबजार, पोखरा-५
फोन नं. ०६१-५२१११३, ५२११९४, ५२८१००

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
कालिका बहुमुखी क्याम्पस काजीपोखरी-१८, पोखराको
कक्षा-११ मा नयाँ भर्ना सम्बन्धी सूचना
२० औं वर्षदेखि संचालित उत्कृष्ट परीक्षाफल गुलभ शुल्क एवं दक्ष तथा विद्वान प्राध्यापकहरुबाट पठनपाठन हुने यस कालिका बहुमुखी क्याम्पसमा निम्नलिखित कार्यक्रमहरुमा भर्ना खुला गरिएको छ ।
कक्षा-११ व्यवस्थापन अंग्रेजी/नेपाली माध्यम प्रात+दिवा
कक्षा-११ मानविकी ऐ अंग्रेजी, नेपाली, जनसंख्या शिक्षा समाजशास्त्र एवं गणित
कक्षा-११ शिक्षा- ऐ अंग्रेजी/नेपाली/गणित/स्वास्थ्य शिक्षा
विज्ञान प्रवेश परीक्षा-१२ आषाढ २ बजे अपराह्न
जेहेन्दार गरिब तथा पिछडिएकाे वर्गलाई विशेष छात्रवृत्तिको व्यवस्था गरिएकाे छ ।
फाराम वितरण १ आषाढ २०७१ देखि बिहान ८ बजे-४ बजे अपराह्नसम्म
सम्पर्क: ४३०३८५, ९८४६१०६९६७
क्याम्पस प्रमुख
कालिका बहुमुखी क्याम्पस
काजीपोखरी , पोखरा

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, सम्पादक रीता गुरुङ
कार्यालय : चिल्हेङ्गा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिल्हेङ्गा, पोखरा